# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

राजन ... प्रमुख प्रशासकीय ...

## गजुरी गाउँपालिका भित्रको क्षेत्रवाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदीजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि विक्रि शुल्क संकलनको वोलपत्र फारम

**सूचना प्रकाशन भएको मिति :२०७७ भदौ २९ गते**
**बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय : २०७७ असोज २७ गते १७:०० बजे सम्म**
**बोलपत्र पेश गर्ने अन्ति मिति र समय : २०७७ असोज २८ गते १२:०० बजे सम्म**
**बोलपत्र खोलिने मिति र समय : २०७७ असोज २८ गते १४:०० बजे**

**बोलपत्र खरिद गर्ने तथा पेश गर्ने स्थान :-**गजुरी गाउँ कार्यपालिकाको कार्यालय,
गजुरी, धादिङ

बोलपत्रफारम दस्तुर रु : १००००।- (दश हजार रुपैया मात्र)

**बोलपत्र पेश गरिएको कार्यालय**

गजुरी गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ

**बोलपत्रदाताको विवरण**
फर्मको नाम : ..................................................
ठेगाना : ..................................................
सम्पर्क फोन नं. : ..................................................

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

गजुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

**बागमती प्रदेश, नेपाल**

**गजुरी गाउँपालिकाको क्षेत्रभित्रवाट विक्री हुने** ढुङ्गा, गिट्टी, वालुवा, बेस, चिप्स लगायत नदीजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि **विक्रि शुल्कको बोलपत्र फारम**

**१. बोलपत्र पेश गरेको कार्यालय:** गजुरी गाउँ कार्यापालिकाको कार्यालय, गजुरी, धादिङ

**२. कामको विवरण :**

मिति २०७७/०५/२९ गतेको .............. राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेख भए अनुसार आ.व.२०७७/०७८ को लागि यस कार्यालयबाट नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित संघीय ऐन र गजुरी गाउँ कार्यापालिकाको निर्णय बमोजिम गजुरी गाउँपालिका क्षेत्रबाट उत्पादन तथा उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदीजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि विक्रि शुल्क उठाउने कार्य ।

**३. कबोल अंक**

| कवोल रकम बार्षिक (मु.अ.क.) बाहेक | | धरौटी रकम | |
|---|---|---|---|
| अंकमा | अक्षरमा | कबुल रकमको ५ (पांच) प्रतिशत अंकमा | कबुल रकमको ५ (पांच) प्रतिशत अक्षरमा |
| | | | |

**न्यूनतम ठेक्का अंक : भ्याट वाहेक रु. १०,७०,००,००० ।०० ( दश करोड सत्तरी लाख रुपैया मात्र)**

गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धादिङबाट माथी उल्लेखित मितिको ................ **दैनिकमा** प्रकाशित सूचना बमोजिम उक्त कामको लागि प्रकाशित सुचनामा उल्लेखित शर्तहरुको अधिनमा रही उपरोक्त अनुसारको रकम कबोल गरी यो बोलपत्र फारम पेश गरेको छु ।

राजन प्रमुख प्रशासकीय

गजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गजुरी, धादिङ

प्रमुख प्रशासकीय

वोलपत्र पेश गर्ने फर्म वा कम्पनीको

| | | |
|---|---|---|
| फर्मको नाम : | | फर्मको छाप : |
| फर्मको ठेगाना | | |
| दस्तखत: | | |
| प्रोपराइटर : | | सम्पर्क टेलिफोन न.: |
| मिति : | | |

यो वोलपत्र साथ संलग्न गरेका कागजातहरु :

१.फर्म दर्ता वा नवीकरण प्रमाणपत्र भएको वा नभएको :

२. कर दर्ता प्रमाणपत्र भएको नभएको :

३. कर चुक्ता प्रमाणपत्र भएको नभएको :

४. कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा भएको नभएको :

५. अख्तियारनामा (Letter of Autonomy) भएको नभएको :

६. धरौटी वापतको रकम जम्मा गरेका बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको विड बण्ड भएको नभएको :

७. अन्य केही कुरा भए खुलाउने,

बोलपत्र आव्हान गर्ने कार्यालयको आधिकारीक व्यक्तिको दस्तखत र कार्यालयको छाप

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

गजुरी गाउँपालिका

# गजुरी गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

## आ.व.०७७/७८को लागि नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।५।२९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरीगाउंपालिकाको आर्थिक ऐन २०७७ को दफा ८ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गजुरी गाउंपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ताका प्रमाणपत्र, आ.व.०७५/७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं | बोलपत्र नं. | बोलपत्रको नाम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७७।०७८ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम ( मु.अ. कर वाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७७/०७८ | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो बिक्री शुल्क उठाउने कार्य । | बिक्री शुल्क ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० -नौ रुपैया, माटो क्यू फिट २।५०(दुई रुपैया पचास पैसा मात्र | १०,७०,००,००१।- दश करोड सत्तरी लाख रुपैया मात्र) | खोला खानी क्रसर,वालुवाधुने उद्योगहरु समेत गरी जम्मा ३७६६५० घन मिटर | १००००।- | कवोल अंकको ५ प्रतिशत |

शर्तहरु:

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. ०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा रा.वा बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको खाता नं ग ४ १ १०५०१००३०४०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.npबाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नगदी रसीद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको रा.वा बैंक शाखा कार्यालय गजुरीमा मा रहेको धरौटी खाता नं ग ३. १०५०१००३०३००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिट बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको बिवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको

प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रिबिड बैठक यो सूचना प्रकाशित मितिले १५ औ दिन दिनको १:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ३० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो र तेस्रो किस्ताबापत ७० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७८ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून,प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. बोलपत्र भर्दा कबोल रकम अंक र अक्षरमा दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । सारभुत रुपमा प्रभावग्राही र सबैभन्दा बढि रकम कबोल गर्ने बोलपत्र दाताको कबोल अंकको बोलपत्र स्वीकृत गरिनेछ । ठेक्का अवधि :२०७७/७८ एक आर्थिक वर्षको लागि कायम गरिएको छ । गाउँपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७८ आषाढ मसान्त सम्म रहनेछ ।

१०.बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ती दवी गर्न पाईने छैन । स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनले निषेध गरेको भारी मेशिन,उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्रि गर्न सकिनेछ ।

११. गाउँपालिकाको हितलाई मध्य नजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा ताकिएको किस्ता रकम अनिवार्य रुपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनछैन ।

१२. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमश पहिलो किस्ता पौष मसान्त, दोश्रो किस्ता २०७८ वैसाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१३. यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र फारमसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका का शर्त सरह लागु हुनेछ ।

१४..उल्लेखित शर्त पुरा नभएको बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१५.प्रचलित ऐन बमोजिम कवुल गरेको गरेको रकम एकमुष्ट अग्रिमरुपमा बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सकिनेछ ।

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको website . www.gajurimunmun.gov.npमा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल